# जिल्लास्तरीय सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन ) कार्ययोजना,२०७८

जिल्ला प्रशासन कार्यालय, वैतडी

२०७८

# जिल्लास्तरीय सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन ) कार्ययोजना, वैतडी, आ.व.२०७७/०७८

## १. पृष्ठभूमि

चुरोट र सुर्तीमा ४,८०० भन्दा बढी विषालु रासायनिक तत्वहरू रहेको वैज्ञानिक अनुसन्धानबाट पुष्टि गरिसकेको छ । त्यस्तै चुरोट खाएर निस्केको धुवाँमा ८७ प्रकारका विषालु रसायनिक पदार्थहरू रहेको पाईन्छ । जुन स्वच्छ अक्सिजनयुक्त हावामा मिसिन गई आसपास रहेका जो कोही व्यक्तिले थाहै नपाइकनै स्वत: हावा लिई रहदा उनीहरुको स्वास्थ्यमा गम्भीर हानी भइरहेको कुराबाट वेखवर हुन्छन । यसरी थाहै नै नपाइ चुरोटको धुँवा र खार पिइरहेकाहरूलाई पनि धुम्रपान गर्नेहरूलाई जस्तै फोक्सोको क्यान्सार, हृदयसम्बन्धी रोगहरू, उच्चरक्तचाप जस्ता कडा रोगहरू भई अकालमै मृत्यु हुने गर्दछ ।

विश्वमा करीब ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनबाट हुने गर्दछ भने १२ लाख व्यक्तिको मृत्यु सँगै बसेका व्यक्तिले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने गर्दछ । नेपालमा वर्षेनि २७ हजार १३७ जना व्यक्तिको मृत्यु सुर्तीजन्य पदार्थको सेवनको कारणले भईरहेको छ । नेपालमा ४८.४५ पुरुष र २८.७५ महिलाहरू धुम्रपान सेवन गर्दछन् भने जम्मा २८.०९ प्रतिशत व्यक्तिहरु धुम्रपान सेवन गर्ने कुरा तथ्याङ्कबाट देखिन्छ । यसैगरी पहिलोपटक धुम्रपान शुरु गर्दाको औषत उमेर १७.८ रहेको छ भने १३ देखि १५ वर्ष उमेर पुगेका केटाहरू १४.५ प्रतिशत र केटीहरू ४ प्रतिशतले धुम्रपान गर्दछन्। दिनहुँ चुरोट खाने व्यक्तिहरुले दैनिक करीब ६.५ वटा चुरोट खाने गरेको तथ्याङ्कबाट देखिन्छ ।एकातिर धुम्रपान सेवन गर्ने नेपाली नागरिकहरुले आफ्नो आम्दानीको १० देखि १५ प्रतिशत आय धुम्रपान र सुर्तीजन्य पदार्थ खरिद गर्नमा खर्च गर्दछन् भने अर्कोतर्फ सुर्तीजन्य पदार्थको सेवनका कारणले लागेको रोगको उपचारार्थ ठुलो रकम खर्चनु पर्ने, स्वास्थ्यमा आउने समस्याका कारण उत्पादकत्वमा हुने ह्रास, अकालमै मृत्युवरण गर्नु पर्ने अवस्था, अशक्त आदीको कारणले वर्षेनी करीब रु ४७ अर्ब क्षति हुने गरेको छ ।

### विद्यमान कानूनी व्यवस्था

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ) ऐन , २०६८ वनेको छ । त्यसैगरी नेपालले औपचारिक रुपमा २०६३ साल कात्तिक २१ गते तदनुसार ७ नोभेम्वर २००६ मा सुर्तीजन्य वस्तुको नियन्त्रणसम्बन्धी अन्तराष्ट्रीय महासन्धी (Framework convention on Tobacco Control (FCTC) लाई अनुमोदन गरेको थियो । यो महासन्धी संयुक्त राष्ट्र संघको पहिलो जनस्वास्थ्यीय अन्तराष्ट्रिय कानून हो ।

प्रमुख जिल्ला अधिकारी

FCTC को धारा ४(१), धारा ८(१) र (२) र धारा १३(१) अनुसार पक्ष राष्ट्रले सुर्तीसम्बन्धी सम्पूर्ण विज्ञापन, प्रवर्द्धन र प्रायोजनमा रोक लगाउनेछन् भने धारा १३(४) को (क), (ग), (घ), (ङ) र (च) अनुसार सुर्ती विज्ञापन, प्रवर्द्धन र प्रायोजनका सबै कार्यलाई निषेध गर्ने, सर्वसाधारणलाई सुर्तीजन्य उत्पादन किन्न उक्साउने प्रत्यक्ष वा अप्रत्यक्ष आकर्षणहरूमा रोकथाम गर्नेछन् भन्ने व्यवस्था गरिएको छ ।

FCTC को धारा १३(४) को खण्ड (घ), (ङ) र (च) अनुसार FCTC अनुमोदन गर्ने राष्ट्रहरूलाई विभिन्न उपायहरू अवलम्बन गरेर सम्पूर्ण सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजनलाई निरुत्साहित गर्नुपर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दायित्व सुम्पेको छ । साथै कुनै पनि देश र राज्यको संविधानमा धुम्रपानजन्य पदार्थ सम्वन्धी निषेधित प्रावधानहरू नभएको वा नरहेको अवस्थामा FCTC अनुमोदन गरेको मितिले पाँच वर्ष भित्र राष्ट्रिय सुर्ती नियमन वा निषेधित ऐन तथा कानूनहरू बनाएर सुर्तीको प्रवर्द्धन, प्रायोजन र विज्ञापनलाई निषेध गर्नु पर्दछ भन्ने प्रावधान किटानका साथ उल्लिखित भएको सन्दर्भमा नेपालको संविधानले पनि धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्ने पाउने हकको सुनिश्चतता गरेको छ ।

धुम्रपानले जनस्वास्थ्यमा असर पार्ने हुनाले स्वास्थ्य सम्बन्धी समस्याको रुपमा लिइने भएपनि धुम्रपान नगर्ने व्यक्तिले पनि धुम्रपान गर्नेहरूबाट प्रदूषित वातावरणको शिकार भै प्रत्यक्ष एवं अप्रत्यक्ष असरहरू व्यहोर्नु पर्ने हुनाले उनीहरूको स्वास्थ्य सम्बन्धी प्रचलित हकको समस्याको रुपमा पनि यसलाई हेर्नु पर्ने हुन आउँछ । सार्वजनिक स्वास्थ्य भनेको व्यक्तिको मौलिक हकको विषय हुनुको अतिरिक्त राज्यको प्रमुख दायित्व पनि हो । यसक्रममा राज्य ले आ—आफ्नो अंङ्ग र अभिकर्ताहरू मार्फत् केन्द्रदेखि स्थानीयतहसम्म र जीवनका औपचारिक एवं अनौपचारिक क्षेत्रसम्म नै यो समस्यालाई नियन्त्रित र नियमन गर्नुपर्ने आवश्यकता हुन्छ । जसअनुसार राज्यबाट तपिसल वमोजिमका कार्यहरु कडाइका साथ कार्यान्वियन गर्ने कार्य भइरहेको छ ।

१. घर भित्र वा बाहिरका सार्वजनिक सेवा प्रदायक कार्यालय, निकाय, अस्पताल, शैक्षिक प्रतिष्ठान, सार्वजनिक सवारी साधन, बसपार्क, टिकट काउण्टर, सार्वजनिक उपयोगका मनोरन्जनस्थल, सार्वजनिक जमघट हुने स्थान र भवन समेतका सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गरिएको छ ।

२. धुम्रपानजन्य चिजवस्तुको विज्ञापन छापा, सञ्चार माध्यममा समेत निषेध गरिएको छ ।

३. धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानि नोक्सानी सम्बन्धमा एवं यस्ता वस्तुको सेवन नगर्ने तर्फ जनचेतना जगाउने खालका कार्यक्रमहरू संघ/प्रदेश/ स्थानीयतहहरुले आफ्नो आफ्नो क्षेत्रमा जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्न्यान्वयन गरिएका छन ।

४ सार्वजनिक स्थलमा गरिने धुम्रपानको पूर्ण निषेध गरी अनुगमन गर्ने कार्यको निरन्तरता दिने कार्यमा जोड दिइएको छ ।

**सुर्तीजन्य पदार्थको करमा वृद्धि**

सरकारले सुर्तीजन्य पदार्थको करमा वृद्धि गरेको छ । आव २०७८/७९ मा अहिले भएको करमा २५ प्रतिशत वृद्धि गरेको छ । गत आ.व.मा सुर्तीजन्य पदार्थमा ३० प्रतिशत कर रहेको थियो । विश्व स्वास्थ्य सङ्गठनले कम्तीमा ७५ प्रतिशत कर हुनुपर्ने उल्लेख गरेको छ ।

प्रमुख जिल्ला अधिकारी